फाल्गुनन्द गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फाक्टेप, पाँचथर

स्थापना : २०७३

कोशी प्रदेश, नेपाल

---

## मेची राजमार्ग (जोरकलश-फिक्कल-इलाम-राँके-हेवाखोला-गोपेटार-कावेली-सुकेटार) सीमा सम्बन्धमा फाल्गुनन्द गाउँपालिकाको अपिल !

प्रस्तुत विषयमा नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सडक विभाग संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय इटहरी सडक डिभिजन कार्यालय ईलामले मेची राजमार्ग( जोरकलश-फिक्कल-इलाम-राँके-हेवाखोला-गोपेटार-कावेली-सुकेटार) सडक खण्डको सडक सीमा खाली गर्ने सम्बन्धी मिति २०८३।०२।१३ जारी गरेको सूचना सम्बन्धमा फाल्गुनन्द गाउँपालिकाको मिति २०८३।०३।०३ गतेको कार्यपालिका वैठकमा गम्भिर छलफल एवम् समिक्षा गरियो । सो सम्बन्धमा यदि प्रकाशित सार्वजनिक सूचना बमोजिम सडक ३० मिटर कायम गरेर जाँदा पाँचथर जिल्लाका अन्य स्थान र यस गाउँपालिकाको आर्थिक र रणनीतिक हिसाबले अत्यन्त महत्वपूर्ण मूख्य मूख्य बजारहरू राँके र पौवा भन्ज्याङ लगायतका बजारहरू अत्यन्त प्रभावित हुने र त्यसबाट गाउँपालिकालाई गम्भिर आर्थिक र सामाजिक प्रभाव पर्न सक्ने संभावना भएकाले यस सूचनालाई तत्काल कार्यन्वयनमा लानका लागी सहयोग र समन्वय गर्न नसकिने निर्णय गरियो । साथै यस्ता अव्यवहारिक र सामाजीक, आर्थिक र पर्यावरणीय हिसाबले नकरात्मक प्रभाव पार्ने गलत निर्णय प्रति फाल्गुनन्द गाउँपालिका गम्भिर असहमती दर्ज गर्दछौं । यस किसिमका निर्णयबाट समग्र देशको समृद्दिको यात्रामा कहिंकतै सहयोग नपुग्ने तर स्थानीय ग्रामिण अर्थतन्त्र र बजार ध्वस्त भई गम्भिर आर्थिक, सामाजिक र पर्यावरणिय असन्तुलन हुन सक्ने र त्यसबाट स्थानीय तहमा नकरात्मक असर र परिणाम आउन सक्दछ । तसर्थ नेपाल सरकार,सम्बन्धीत मन्त्रालय, कार्यालय तथा कार्यन्वयन ईकाईलाई यस्ता स्थानीय बजार र बजार बासीलाई असान्त एवम हतोत्साहित पार्ने किसिमका निर्णय र सूचना जारी नगर्न हार्दिकताका अनुरोध गर्दछौं ।

बृज हाङ आङ्देम्बे

अध्यक्ष

फाल्गुनन्द गाउँपालिका फाक्टेप, पाँचथर

२०८३।०३।०३ गते बुधबार ।

---

E-mail: ito.phalgunandamun@gmail.com / Website:Phalgunandamun.gov.np